यो आकाशवाणी हो

समाचार

3 March, 2026

मुख्य समाचार-

- विश्व वन्यजन्तु दिवसको अवसरमा जैविक विविधताको संरक्षण गर्न नागरिकहरूलाई उपराष्ट्रपति सी.पी. राधाकृष्णनले गर्नुभयो आह्वान

- भारतलाई जैविक विज्ञान र भावी पिढीका चिकित्सकहरूको विश्वव्यापि केन्द्रका रूपमा स्थापित गर्ने लक्ष्यमा बायोफार्मा शक्ति मिसन बजेट प्रवाधनममा समावेश गरिएको प्रधानमन्त्री मोदीको बयान

- पश्चिम एसियाली क्षेत्रमा जारी द्वन्द्वलाई वार्ता र कूटनीति मार्फत समाधान गर्न भारतले दोहोऱ्यायो आफ्नो आह्वान

- भारतीय दूतावासले गरे तेहरानमा रहेका अधिकांश भारतीय विद्यार्थीहरूलाई शहर बाहिर सुरक्षित स्थानहरूमा स्थानान्तरण
- केन्द्र सरकारद्वारा पश्चिम बङ्गालमा नागरिकता संशोधन ऐन (CAA) अन्तर्गत भारतीय नागरिकताका लागि आवेदनहरूको निर्णय गर्न थप दुईवटा सशक्त समितिहरू गठन

राष्ट्रपति - होलीको शुभकामना

राष्ट्रपति द्रौपदी मुर्मुले होलीको पूर्वसन्ध्यामा राष्ट्रलाई शुभकामना व्यक्त गर्नुभएको छ। आफ्नो सन्देशमा उहाँले भन्नुभयो, होली आनन्द र उत्सवको पर्व हो र यसले सामाजिक सद्भावको सन्देश दिन्छ।

यस पर्वले समाजमा प्रेम र आशा फैलाउँछ र सामाजिक एकताको भावनालाई बलियो बनाउँछ, राष्ट्रपतिले भन्नुभयो। उहाँले होलीलाई विविधतामा एकताको प्रतीकको रूपमा वर्णन गर्नुभयो।

उपराष्ट्रपति - वन्यजन्तु

आज विश्व वन्यजन्तु दिवस हो। यस अवसरमा उपराष्ट्रपति सी.पी. राधाकृष्णनले भन्नुभयो, यस दिनले पृथ्वीलाई पोषण दिने वन्यजन्तु र वनस्पतिहरूको अद्भुत विविधता मनाउन हामीलाई सम्झना गराउँछ। सामाजिक सञ्जाल पोस्टमा, श्री राधाकृष्णनले भन्नुभयो, भारत वन्यजन्तु संरक्षणमा विश्व नेता हुनु गौरान्वित विषय हो।

उहाँले नागरिकहरूलाई भारतको समृद्ध जैविक विविधताको संरक्षण गर्न आह्वान गर्नुभयो।

प्रधानमन्त्री - वेबिनार

प्रधानमन्त्री नरेन्द्र मोदीले बलियो अर्थतन्त्र भएको भारत विश्वका लागि आशाको किरण बनेको बताउनु भयो। यसरीनै उहाँले तीव्र आर्थिक वृद्धि विकसित भारतको दृष्टिकोणलाई साकार पार्ने आधार बनेको बताउनु भयो।

बजेटपछिको "आर्थिक वृद्धिलाई दिगो र बलियो बनाउने" वेबिनार भिडियो कन्फरेन्समार्फत सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, आज विश्व भरपर्दो र लचिलो उत्पादन साझेदारहरूको खोजीमा छ। भारतसँग यस दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अवसर छ। धेरै निर्माण गर्न, धेरै उत्पादन गर्न, धेरै सम्पर्क स्थापित गर्न र धेरै निर्यात गर्न सरकारको नियत र सङ्कल्प स्पष्ट रहेको श्री मोदीले बताउनु भयो।

यसैक्रममा प्रधानमन्त्रीले भारतले धेरै देशहरूसँग स्वतन्त्र व्यापार सम्झौताहरूमा हस्ताक्षर गरेको जानकारी दिँदै ती हस्ताक्षरित सम्झौताहरूले देशका लागि अपार अवसरहरू खोलेको छ, भन्नुभयो।

प्रधानमन्त्री मोदीले बजेटमा बायोफार्मा शक्ति मिसनका लागि प्रावधानहरू समावेश छन्, जसको उद्देश्य भारतलाई जैविक विज्ञान र भावी पिढीका चिकित्सकहरूका विश्वव्यापी केन्द्रको रूपमा स्थापित गर्नु हो भन्नुभयो।

विदेश मन्त्रालय - पश्चिम एसिया

भारतले पश्चिम एसियाली क्षेत्रमा जारी द्वन्द्वलाई वार्ता र कूटनीति मार्फत समाधान गर्न आफ्नो आह्वान दोहोऱ्याएको छ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयस्वालले आज भन्नुभयो, भारतले द्वन्द्वको चाँडै अन्त्य गर्न समर्थन गर्दछ।

प्रवक्ताले भन्नुभयो खाडी क्षेत्रमा लगभग १ करोड भारतीय नागरिकहरू छन् र उनीहरूको सुरक्षा र कल्याण हाम्रो सर्वोच्च प्राथमिकता हो। श्री जयस्वालले व्यापार र ऊर्जा आपूर्ति शृङ्खलाहरू पनि यस क्षेत्रबाट गुज्रने उल्लेख गर्दै कुनै पनि ठूलो अवरोधले भारतीय अर्थतन्त्रमा गम्भीर परिणामहरू निम्त्याउँछ भन्नुभयो।

पेट्रोलियम मन्त्रालय - पश्चिम एसिया

पश्चिम एसियामा जारी द्वन्द्व र विश्वव्यापी ऊर्जा क्षेत्रमा आएको परिवर्तनको बीचमा, सरकारले ऊर्जा स्रोतहरूलाई विविधीकरण गरेर भारतको ऊर्जा उपलब्धता सुनिश्चित गरेको छ। पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले भारत विश्वव्यापी रूपमा पेट्रोलियम उत्पादनहरूको तेस्रो ठूलो आयातकर्ता, चौथो ठूलो रिफाइनर र पाँचौं ठूलो निर्यातकर्ता भएको बताएको छ। देशसँग वर्तमान परिस्थितिको सामना गर्न पर्याप्त ऊर्जा भण्डार छ।

मन्त्रालयले भारतसँग कच्चा तेल र पेट्रोल, डिजेल र एटीएफ लगायत प्रमुख पेट्रोलियम उत्पादनहरूको पर्याप्त भण्डार रहेको बताएको छ, जसले छोटो अवधिको अवरोधहरूको सामना गर्न सक्छ। पश्चिम एसियाली क्षेत्रको अवस्थालाई ध्यानमा राख्दै, मन्त्रालयले देशभरी पेट्रोलियम उत्पादनहरूको आपूर्ति र स्टक स्थितिको निरन्तर अनुगमन गर्न र भारतीय उपभोक्ताहरूको हितको रक्षा गर्न नियन्त्रण कक्ष पनि स्थापना गरेको छ।

भारतीय दूतावास इरान

तेहरान शहरमा बढ्दो जोखिमको कारण, इरानमा रहेका भारतीय दूतावासले तेहरानमा रहेका अधिकांश भारतीय विद्यार्थीहरूलाई शहर बाहिर सुरक्षित स्थानहरूमा स्थानान्तरण गरेको छ। दूतावासले उनीहरूको यातायात, खाना र आवासको व्यवस्था गरेको जनाएको छ।

दूतावासले इरानमा रहेका अन्य भारतीय विद्यार्थीहरू र भारतीय नागरिकहरूलाई जहाँ छन् त्यहीँ बस्न, सकेसम्म घर भित्रै बस्न र झ्यालहरूबाट टाढा रहन आग्रह गरेको छ।

प्रधानमन्त्री - युट्युब सब्सक्राइबरहरू

प्रधानमन्त्री नरेन्द्र मोदीले आज युट्युबमा ३ करोड सब्सक्राइबरहरूको कोशेढुङ्गा पार गर्नुभयो। यस प्लेटफर्ममा प्रधानमन्त्री सबैभन्दा धेरै फलो गरिएका विश्व नेता बन्नुभयो।

प्रधानमन्त्री मोदी २००७ देखि युट्युबमा सामेल बन्नुभएको हो। वरीयता अनुसार, उहाँ यस श्रेणीमा अरूभन्दा धेरै अगाडि हुनुहुन्छ। ब्राजिलका पूर्व राष्ट्रपति जैर बोल्सोनारो ६ करोडभन्दा बढी सब्सक्राइबरहरूसँग दोस्रो स्थानमा हुनुहुन्छ।

रक्षा मन्त्रालय

रक्षा मन्त्रालयले भारतीय तटरक्षक बलका लागि छ वटा उन्नत हल्का हेलिकप्टर MK-II र भारतीय नौसेनाका लागि छ वटा सतहबाट हावामा प्रक्षेपण गर्ने वर्टिकल लॉन्च मिसाइल किन्नका लागि ₹५,०८३ करोडको सम्झौतामा हस्ताक्षर गरेको छ। यी सम्झौताहरू आज नयाँ दिल्लीमा रक्षा सचिव राजेश कुमार सिंहको उपस्थितिमा हस्ताक्षर गरिएको छ।

उन्नत हल्का हेलिकप्टर र सञ्चालन उपकरणहरूको लागि ₹२,९०१ करोडको सम्झौता हिन्दुस्तान एरोनटिक्स लिमिटेड, बेंगलुरुसँग हस्ताक्षर गरिएको छ। यी हेलिकप्टरहरूको समावेशले कृत्रिम टापुहरू, अपतटीय स्थापनाहरू, र माछा मार्नेहरू र समुद्री वातावरणको सुरक्षा गर्ने भारतीय तटरक्षक बलको क्षमतामा उल्लेखनीय वृद्धि गर्नेछ।

केन्द्र सीएए समिति

केन्द्र सरकारले नागरिकता संशोधन ऐन (CAA) अन्तर्गत भारतीय नागरिकताका लागि आवेदनहरूको निर्णय गर्न पश्चिम बङ्गालमा थप दुईवटा सशक्त समितिहरू गठन गरेको छ। केन्द्रीय गृह मन्त्रालयले एउटा राजपत्र अधिसूचनामा जनाएअनुसार यी सशक्त समितिहरूको नेतृत्व भारत सरकारको उपसचिव पदभन्दा माथिका अधिकारीले गर्नेछन्, जसलाई भारतका रजिस्ट्रार जनरल र जनगणना आयुक्तले मनोनित गर्नेछन्।

ठूलो सङ्ख्यामा आवेदनहरूको समाधान छिटो गर्न दुईवटा थप समितिहरू गठन गर्ने निर्णय गरिएको थियो। पश्चिम बङ्गालमा पहिला देखि नै यस्ता दुईवटा समितिहरू छन्।

मुख्य समाचार फेरि एकपल्ट

- विश्व वन्यजन्तु दिवसको अवसरमा जैविक विविधताको संरक्षण गर्न नागरिकहरूलाई उपराष्ट्रपति सी.पी. राधाकृष्णनले गर्नुभयो आह्वान
- भारतलाई जैविक विज्ञान र भावी पिढीका चिकित्सकहरूको विश्वव्यापि केन्द्रका रूपमा स्थापित गर्ने लक्ष्यमा बायोफार्मा शक्ति मिसन बजेट प्रवाधनममा समावेश गरिएको प्रधानमन्त्री मोदीको बयान
- पश्चिम एसियाली क्षेत्रमा जारी द्वन्द्वलाई वार्ता र कूटनीति मार्फत समाधान गर्न भारतले दोहोऱ्यायो आफ्नो आह्वान
- भारतीय दूतावासले गरे तेहरानमा रहेका अधिकांश भारतीय विद्यार्थीहरूलाई शहर बाहिर सुरक्षित स्थानहरूमा स्थानान्तरण

- केन्द्र सरकारद्वारा पश्चिम बङ्गालमा नागरिकता संशोधन ऐन (CAA) अन्तर्गत भारतीय नागरिकताका लागि आवेदनहरूको निर्णय गर्न थप दुईवटा सशक्त समितिहरू गठन